# गण्डकी प्रदेश सभा

# पोखरा, नेपाल

<u>पत्रकार भेटघाट कार्यक्रमका लागि तयार गरिएको विवरण</u>

मिति २०८० असोज २१ गते आइतवार

नेपालको संविधानको धारा १७५ ले प्रदेश व्यवस्थापिकाको रुपमा प्रदेश सभा रहने व्यवस्था गरेको छ । शक्ति पृथकीकरणको सिद्धान्त अनुसार प्रदेश व्यवस्थापिकाले नेपालको संविधान र संघीय कानूनको मार्गदर्शनमा रही विधि निर्माण गर्ने मुख्य जिम्मेवारी पाएको छ । यसका अतिरिक्त प्रदेश सरकार निर्माणसँग सम्बन्धित कार्यहरु गर्ने र सभा तथा विषयगत समिति मार्फत सरकारको जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गरी सुशासन कायम गर्ने महत्वपूर्ण जिम्मेवारी समेत प्रदेश सभाले पुरा गर्नुपर्ने हुन्छ । सोही जिम्मेवारी पुरा गर्ने क्रमको निरन्तरता स्वरुप दोस्रो प्रदेश सभाको निर्वाचन भई प्रदेश सभाले आफ्ना गतिविधिहरु निरन्तर सञ्चालन गर्दै आएको छ । हाल कायम रहेको गण्डकी प्रदेश सभामा दलीय रुपमा नेपाली काँग्रेसबाट २७, ने.क.पा. (एमाले)बाट २२, ने.क.पा. (माओवादी केन्द्र) बाट ८, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट २, र स्वतन्त्र (हाल ने.क.पा एकिकृत समाजवादी)बाट १ जना गरी जम्मा ६० जना माननीय सदस्यहरुको प्रतिनिधित्व रहेको छ। लैङ्गिक प्रतिनिधित्वको हिसाबले वर्तमान प्रदेश सभामा २१ जना महिला र ३९ जना पुरुष रहनुभएको छ। त्यसै गरि यस प्रदेश सभामा आदिबासी जनजातीतर्फ महिला ९ पुरुष १४ जना गरि जम्मा २३ जना, खस आर्यतर्फ महिला ७ पुरुष २४ जना गरि जम्मा ३१ जना र दलिततर्फ महिला ५ पुरुष १ जना गरि जम्मा ६ जनाको समावेशी प्रतिनिधित्व रहेको छ ।

हाल कायम रहेको गण्डकी प्रदेश सभाका माननीय जेष्ठ सदस्य मित्रलाल वस्यालज्यूबाट मिति २०७९ पौष १४ गते बिहीबार प्रदेश सभाका माननीय सदस्यहरुलाई सपथ ग्रहण भएसँगै दोस्रो कार्यकालको प्रारम्भ भएको थियो ।

**<u>सभाको कार्यव्यवस्था</u>**

- गण्डकी प्रदेश सभाको दोस्रो कार्यकालको हालसम्म चारवटा अधिवेशन सञ्चालन भइसकेका छन् ।
- पहिलो अधिवेशनमा १७ वटा बैठक बस्दा जम्मा १८ घण्टा ४५ मिनेट बैठक सञ्चालन भएको ।
- दोस्रो अधिवेशनमा २ वटा बैठक बस्दा जम्मा २ घण्टा ४२ मिनेट बैठक सञ्चालन भएको ।
- तेस्रो अधिवेशनमा २ वटा बैठक बस्दा जम्मा १ घण्टा ५८ मिनेट बैठक सञ्चालन भएको ।
- चौंथो अधिवेशनमा ४१ वटा बैठक बस्दा जम्मा ६९ घण्टा २१ मिनेट सभा सञ्चालन भएको ।
- चौंथो अधिवेशन सम्म ४३ दिनमा ६२ वटा बैठक सञ्चालन भएकोमा कुल ९२ घण्टा ४६ मिनेट सभा सञ्चालन भएको छ ।

**<u>गण्डकी प्रदेश सभाको दोस्रो कार्यकालको काम कारवाहीको अधिवेशनगत विवरण</u> :-**

**१. पहिलो अधिवेशन :-**

- गण्डकी प्रदेश सभाको दोस्रो कार्यकालको प्रथम अधिवेशन मिति २०७९ पौष १८ गते प्रारम्भ भएकोमा मिति २०७९ पौष २९ गते माननीय सदस्य श्री खगराज अधिकारीले मुख्यमन्त्रीको विश्वासको मत प्राप्त गर्नुभएको थियो भने उक्त अधिवेशनबाट सभामुख पदमा माननीय श्री कृष्ण प्रसाद धिताल र उपसभामुख पदमा माननीय श्री विना कुमारी थापालाई निर्वाचित गरेको थियो।
- पहिलो अधिवेशनबाट विनियोजन ऐन,२०७९ लाई संशोधन गर्न बनेको विधेयक, केही गण्डकी प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, गण्डकी प्रदेशको निजामति सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

र स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक गरी ४ वटा विधेयक पारित भएका थिए ।

- प्रदेश सभा सदस्य निर्वाचन पछिको पहिलो अधिवेशनमा माननीय प्रदेश प्रमुखज्यूबाट मिति २०७९ फागुन १७ गतेको सभाको बैठकलाई सम्बोधन गर्नुभएको थियो ।

२. **दोस्रो अधिवेशनः-** गण्डकी प्रदेश सभाको दोस्रो कार्यकालको दोस्रो अधिवेशन मिति २०८० वैशाख ९ गते प्रारम्भ भएकोमा माननीय सदस्य श्री खगराज अधिकारीले प्रस्तुत गर्नुभएको मुख्यमन्त्रीको विश्वासको मत सम्बन्धी प्रस्ताव अस्वीकृत भई सोही दिन अधिवेशन अन्त्य भएको ।

३. **तेस्रो अधिवेशनः-** गण्डकी प्रदेश सभाको दोस्रो कार्यकालको तेस्रो अधिवेशन मिति २०८० वैशाख २१ गते प्रारम्भ भएकोमा माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेले विश्वासको मत प्राप्त गर्नुभई सोही दिन अधिवेशन अन्त्य भएको ।

४. **चौंथो अधिवेशनः-** गण्डकी प्रदेश सभाको दोस्रो कार्यकालको चौंथो अधिवेशन मिति २०८० जेठ १२ गते प्रारम्भ भएको ।

- चौंथो अधिवेशनमा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा छलफल, गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरी माननीय प्रदेश प्रमुखबाट सम्बोधन पश्चात नीति तथा कार्यक्रम माथि छलफल र पारित सँगै गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को बजेट माथि छलफल र पारित भएको ।
- यसै अधिवेशनबाट मिति २०८० साउन ३० गते गण्डकी प्रदेश सभा अन्तर्गतका ४ वटा विषयगत समिति अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, प्रदेश मामिला तथा कानून समिति र सामाजिक विकास तथा कृषि समिति को गठन भएको ।
- उक्त अधिवेशनमा निम्नलिखित जरुरी सार्वजनिक महत्वको प्रस्ताव प्रस्तुत भई छलफल भएकोः

क. आँखा पाक्ने रोग (भाइरल कन्जन्टिभाइटिस) को महामारी सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्तावः- प्रस्तावक माननीय सदस्य श्री यसोदा रिमाल

ख. बाढी पहिरोले पुऱ्याएको क्षती सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्तावः- प्रस्तावक माननीय सदस्य श्री रोशन बहादुर गाहा थापा

ग. पक्स भाईरिडी अन्तर्गतको क्याप्रिपक्स प्रजातीको लम्पी स्कीन भाइरसको प्रकोप सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्तावः- प्रस्तावक माननीय सदस्य श्री भीम बहादुर कार्की

- चौंथो अधिवेशनबाट गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८०, आर्थिक वर्ष २०८०।०८१ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक र गण्डकी प्रदेशभित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक, गरी ४ वटा विधेयक पारित भएका थिए ।
- सभाको यसै अधिवेशनमा मिति २०८० असार २२ गतेको बैठकबाट गण्डकी प्रदेश सभा नियमावली, २०८० पारित भएको थियो
- चौंथो अधिवेशनबाट दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइएका गण्डकी प्रदेशमा बिउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक र गण्डकी प्रदेशमा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक हाल सम्बन्धित समितिमा दफावार छलफलको क्रममा रहेका छन् ।
- गण्डकी प्रदेश सभा नियमावली, २०८० पारित भए पश्चात मुख्यमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रमको शुरुआत प्रदेश सभामा पहिलो पटक मिति २०८० असोज ११ गतेको सभाको बैठकबाट गरिएको ।
- गण्डकी प्रदेश सभाको बैठकमा हालसम्म २५ दिन शुन्य समयको कार्यक्रम निर्धारण गरिएकोमा ४० जना माननीय सदस्यहरुले सहभागिता जनाउनु भएको।

- विषयगत समितिको सभापति पदको निर्वाचन मिति २०८० असोज २१ गते भई अर्थ तथा विकास समितिको सभापति पदमा माननीय श्री भोजराज अर्याल, सार्वजनिक लेखा समितिको सभापति पदमा माननीय श्री सुधिर कुमार पौडेल, प्रदेश मामिला तथा कानून समितिको सभापति पदमा माननीय श्री चम्पादेवी खड्का र सामाजिक विकास तथा कृषि समितिको सभापति पदमा माननीय श्री फणीन्द्र देवकोटा निर्वाचित हुनुभई सोही दिन माननीय सभामुखज्यूबाट सपथ ग्रहण गर्नुभएको ।

## गण्डकी प्रदेश सभाका चुनौती र अवसर

संसदीय गतिविधि सञ्चालन गर्न आवश्यक पर्ने न्युनत्तम सुबिधा सहितको भवन नहुनु, समिति र सचिवालयका लागि पर्याप्त पूर्वाधार नहुनु, विधि निर्माण प्रक्रिया र संसदीय निगरानीलाई प्रभावकारी बनाउन नसकिनु, सभाका सदस्यहरु विकास निर्माणका कार्यमा केन्द्रित हुनु, संसदीय गतिविधिहरुमा सूचना प्रविधिको प्रयाप्त उपयोग हुन नसक्नु, दक्ष र क्षमतावान जनशक्तिलाई प्रदेश सभा सचिवालयमा आकर्षित गर्न नसकिनु लगायतका चुनौतीहरु रहेका छन् । यी चुनौतीका वावजुद जनताको नजिकको विधायिकाको रुपमा विधायिकी र निगरानी सम्बन्धी कार्यहरु गरी प्रदेश सभाको कार्यमा प्रभावकारिता ल्याउने महत्वपूर्ण अवसर रहेको छ ।गण्डकी प्रदेश सभा **"जनमुखी, स्वच्छ, पारदर्शी र क्रियाशिल प्रदेश सभा"** को सोच सहित अगाडि बढिरहेको छ।

## गण्डकी प्रदेश सभाको आगामी कार्यदिशा

- छलफल तथा अन्तरक्रिया मार्फत जनताका वास्तविक आवश्यकता र अपेक्षा संकलन गरी उत्कृष्ट कानून निर्माण गर्ने ।
- प्रदेश सभा र नागरिक बीचको सम्बन्धलाई सुमधुर बनाई नागरिक सहभागितालाई सुनिश्चित गर्न जनतासँग प्रदेश सभा कार्यक्रम लगायतका कार्यक्रम सञ्चालन गर्ने ।
- प्रदेश सभाको कार्यप्रणालीलाई प्रभावकारी बनाउन ई-लेजिस्लेसन सफ्टवेयर कार्यान्वयनमा ल्याउने ।

- संसदीय अध्ययन तथा अनुसन्धानलाई प्रभावकारी बनाउने ।
- प्रदेश सभाको काम कारवाहीलाई सहज र प्रभावकारी बनाउन प्रदेश सभाहल निर्माण गर्ने ।
- प्रदेश सभा सदस्य र सचिवालयमा कार्यरत कर्मचारीलाई संसदीय विधि पद्धतिको बारेमा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने ।
- सचिवालयको काम कारवाही चुस्त, प्रभावकारी र सुशासनयुक्त बनाई प्रदेश सभाको सुदृढीकरण गर्ने ।
- खुल्ला संसदको अवधारणा अनुसार कामकारबाहीलाई निरन्तरता दिने ।

उपरोक्त कार्यदिशालाई मुर्त रुप दिन गण्डकी प्रदेश सभा सचिवालयले जम्मा ४ पटक कानून विज्ञ, समावेशिता विज्ञ, अर्थ विज्ञहरुबाट प्रदेश सभाका माननीय सदस्यहरुको अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको छ । त्यसैगरी स्वकीय सचिवहरुको काम कारबाहीलाई प्रभावकारी बनाउन २ दिवसीय अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको छ । प्रदेश सभाको भवन निर्माण गर्न ५ करोड रकम विनियोजन गरिएको छ भने नागरिक सँग प्रदेश सभा कार्यक्रम सञ्चालन गर्न चालु आर्थिक वर्षमा केही रकम विनियोजन भएको छ । त्यसैगरी प्रदेश सभाका गतिविधिहरुको अडियो भिडियो र फोटोहरु प्रदेश सभाका माननीय सदस्यहरु सम्म पुऱ्याउन **PAG CLOUD** नामको सफ्टवेयर सञ्चालनमा ल्याइएको छ ।प्रदेश सभाको बैठकको काम कारबाहीको सम्पूर्ण विवरण (VERBATIM) सम्बन्धी कार्य दोस्रो कार्यकालको तेस्रो अधिवेशन सम्मका बैठकहरुको सम्पन्न भएको अवस्था छ भने चौंथो अधिवेशनको उक्त विवरण सम्बन्धी कार्य हाल भैरहेको छ ।

अन्तमा गण्डकी प्रदेश सभाका विभिन्न गतिविधिहरुको सूचना सम्प्रेषण गरी सभा तथा विषयगत समितिको कामकारवाहीलाई व्यवस्थित र प्रभावकारी बनाउने कार्यमा सहयवग पुऱ्याउनुहुने संसदीय पत्रकार मञ्च, गण्डकी प्रदेशका सम्पूर्ण पदाधिकारीज्यूहरु एवम् उपस्थित सम्पूर्ण मिडियाकर्मीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं र आगामी समयमा पनि यहाँहरुको सकारात्मक सहयोगको अपेक्षा गर्दछौं । धन्यवाद ।

**सभाको दोस्रो कार्यकालको हालसम्मको अधिवेशन सञ्चालन बैठक संख्या र बैठक सञ्चालन भएको अवधि**

| अधिवेशन | अधिवेशन शुरु भएको मिति | अधिवेशन अन्त्य भएको मिति | सभा सञ्चालन जम्मा दिन | जम्मा बैठक संख्या | बैठक सञ्चालन भएको अवधि |
|---|---|---|---|---|---|
| पहिलो | २०७९ पौष १८ | २०७९ फागुन १७ | १४ | १७ | १८ घण्टा ४५ मिनेट |
| दोस्रो | २०८० वैशाख ९ | २०८० वैशाख ९ | १ | २ | २ घण्टा ४२ मिनेट |
| तेस्रो | २०८० बैशाख २१ | २०८० बैशाख २१ | १ | २ | १ घण्टा ५८ मिनेट |
| चौंथो | २०८० जेठ १२ | २०८० असोज ११ | २७ | ४१ | ६९ घण्टा २१ मिनेट |
| | | जम्मा | ४३ | ६२ | ९२ घण्टा ४६ मिनेट |

## पहिलो अधिवेशनमा पारित विधेयकहरुः-

| विधेयकको नाम | पारित मिति |
|---|---|
| विनियोजन ऐन,२०७९ लाई संशोधन गर्न बनेको विधेयक | २०७९।१०।२७ |
| केही गण्डकी प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक | २०७९।११।०३ |
| गण्डकी प्रदेशको निजामति सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९।११।१४ |
| स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९।११।१४ |

## चौंथो अधिवेशनबाट पारित भएका विधेयकहरुः-

| विधेयकको नाम | पारित मिति |
|---|---|
| गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न विधेयक,२०८० | २०८०।०३।२२ |
| आर्थिक वर्ष २०८०।०८१ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक | २०८०।०३।२२ |
| गण्डकी प्रदेशभित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक | २०८०।०६।०४ |

## चौंथो अधिवेशनबाट पारित नियमावलीः-

| नियमावलीको नाम | पारित मिति |
|---|---|
| गण्डकी प्रदेश सभा नियमावली, २०८० | २०८०।०३।२२ |

सम्बन्धित समितिमा विचाराधिन रहेका विधेयकहरुः-

| दर्ता मिति | विधेयकको नाम | दफावार छलफलका लागि समितिमा पठाएको मिति |
|---|---|---|
| २०८०/०५/१५ | गण्डकी प्रदेशमा बिउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक | २०८०/०६/११ |
| २०८०/०५/२१ | गण्डकी प्रदेशमा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८०/०६/११ |